प्रमुख सचिव

## जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता संचालन, व्यवस्थापन तथा सहभागिता सम्बन्धी कार्यविधि-२०७९

### प्रस्तावना

गण्डकी प्रदेशमा खेलकुदको समुचित विकास तथा विस्तारका लागि स्थानीय तहदेखि खेल प्रतिभाको खोजी र पहिचान गरी प्रतिभावान खेलाडी उत्पादन गर्ने, खेलकुद संस्कृतीको विकास गरी खेलकुद मार्फत सामाजिक रुपान्तरण गर्दै प्रदेशको गरिमा अभिबृद्धि गर्ने उद्देश्यले खेलकुद प्रतियोगिता सञ्चालन, व्यवस्थापन तथा सहभागिता अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता संचालन, व्यवस्थापन तथा सहभागिता सम्बन्धी कार्यविधि-२०७९** रहेको छ ।

(२) यो कार्यविधि गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'अनुगमन समिति' भन्नाले दफा ६ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ख) 'उपाध्यक्ष' भन्नाले प्रदेश खेलकुद परिषद् गण्डकीको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) 'उपसमिति' भन्नाले दफा १०(२) बमोजिम गठित उप-समितिलाई सम्झनुपर्छ ।

(घ) 'ऐन' भन्नाले प्रदेश खेलकुद विकास ऐन, २०७७ सम्झनु पर्दछ ।

(ङ) 'कार्यकारी सदस्य' भन्नाले प्रदेश खेलकुद परिषदको कार्यकारी सदस्य सम्झनु पर्दछ ।

(च) 'कार्यकारी समिति' भन्नाले दफा ८ बमोजिम गठित कार्यकारी समितिलाई सम्झनु पर्दछ।

(छ) 'खेल पदाधिकारी' भन्नाले खेलकुद मन्त्रालयले तोकेको मन्त्रालयको पदाधिकारी, कर्मचारी, प्रदेश खेलकुदका सदस्य तथा पदाधिकारी तथा विशिष्ट खेलकुदकर्मीहरुलाई सम्झनु पर्दछ ।



सचिव

(ज) 'निर्देशक समिति' भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(झ) 'प्रतियोगिता' भन्नाले जिल्ला, प्रदेश, राष्ट्रिय, अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता समेतलाई सम्झनु पर्दछ।

(ञ) 'परिषद्' भन्नाले प्रदेश खेलकुद परिषद्, गण्डकी प्रदेशलाई सम्झनुपर्छ।

(ट) 'प्रदेश खेलकुद संघ' भन्नाले खेलकुद गतिविधि सञ्चालन गर्न कानुन बमोजिम दर्ता भई प्रदेश खेलकुद परिषद्, गण्डकीबाट सम्बन्धन प्राप्त गरेको खेलकुद संघलाई सम्झनु पर्दछ।

(ठ) 'प्रदेश च्याम्पियनसीप' भन्नाले प्रदेश खेलकुद परिषद्, गण्डकीले आयोजना गरेको छुट्टा छुट्टै खेलका प्रदेश प्रतियोगिताहरुलाई सम्झनु पर्दछ ।

(ड) 'मन्त्रालय' भन्नाले गण्डकी प्रदेशको खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(ढ) 'राष्ट्रिय खेलकुद प्रतियोगिता' भन्नाले प्रदेश प्रतियोगिताबाट तयार गरिएका प्रदेश टिमहरु, विभागीय टिमहरु तथा गैह्रआवासीय नेपाली संघ (एन.आर.एन.ए.) टिमविच तोकिएको स्थानमा तोकिएको खेलहरु समावेश गरी गरिने राष्ट्रिय प्रतियोगितालाई सम्झनु पर्दछ ।

(ण) 'विभागीय टिम' भन्नाले सुरक्षा निकायका आ–आफ्नै निकाय अन्तर्गतको प्रतियोगिताबाट छनौट भई आउने टिमलाई सम्झनु पर्दछ ।

(त) 'सचिवालय' भन्नाले खेलकुदको तयारी तथा व्यवस्थापनका लागि गठित कार्यकारी समितिको सचिवालयलाई सम्झनु पर्दछ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछः

(क) स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय प्रतियोगिताको माध्यमबाट तहगत रुपमा उत्कृष्ट खेलाडीहरुको पहिचान गरी संरक्षण गर्ने र प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा स्थान दिने,

(ख) स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा सञ्चालन हुने खेल गतिविधिमा एकरुपता कायम गर्ने,

(ग) प्रदेशको खेलकुदको विकासका लागि नीजि स्तरको व्यवसायी, उद्योग, वित्तीय संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाको श्रोतलाई उचित प्रयोग गर्ने।

## परिच्छेद – २

### समिति तथा उपसमिति सम्बन्धी व्यवस्था

४. **निर्देशक समिति:** गण्डकी प्रदेशबाट आयोजना हुने जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनको लागि निर्देशन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा देहाय बमोजिमको एक निर्देशक समिति गठन हुनेछ । निर्देशक समिति मातहत अन्य समिति र उपसमितिले कार्य गर्नेछ।

(क) मुख्यमन्त्री, गण्डकी प्रदेश - अध्यक्ष

(ख) मन्त्री, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

(ग) प्रमुख सचिव, गण्डकी प्रदेश - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, आन्तरिक मामिला मन्त्रालय - सदस्य

(च) सचिव, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

(छ) सदस्य सचिव, परिषद् -सदस्य सचिव

५. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार:**

गण्डकी प्रदेशबाट आयोजना गरिने जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्नको लागि आवश्यक निर्देशन दिनेछ ।

६. **अनुगमन समिति:** जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश खेलको अनुगमन गरी आवश्यक निर्देशन दिन देहायबमोजिमको एक अनुगमन समिति रहनेछ:

(क) उपाध्यक्ष, परिषद् - अध्यक्ष

(ख) महाशाखा प्रमुख, युवा तथा खेलकुद महाशाखा - सदस्य

(ग) परिषद्को सदस्य मध्येबाट मन्त्रालयको सचिवले तोकेको १ जना - सदस्य

(घ) विभिन्न क्षेत्रका विज्ञ तथा प्रदेश खेल संघ मध्येबाट समितिले तोकेको १ जना -सदस्य

(ङ) अधिकृत कर्मचारी, परिषद्को कार्यालय -सदस्य सचिव

७. **अनुगमन समितिको काम, कर्तव्य र अधिकार:** अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश खेलको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(ख) अनुगमन समितिले खेलाडी तथा अफिसियलबाट प्राप्त सुझाव एवं गुनासो कार्यकारी समितिमा पेश गर्नुपर्नेछ ।

(ग) अनुगमन समितिले आफ्नो प्रतिवेदन परिषद्मा पेश गर्नुपर्नेछ ।

८. **कार्यकारी समितिः** जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि स्वीकृत बजेटको परिधिभित्र रही आवश्यक कार्य गर्न गराउन देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछ।

(क) सदस्य सचिव, प्रदेश खेलकुद परिषद् - संयोजक

(ख) महाशाखा प्रमुख, युवा तथा खेलकुद महाशाखा - सदस्य

(ग) प्रदेश खेलकुद परिषद्का सदस्य मध्येबाट मन्त्रालयको सचिवले तोकेको १ जना -सदस्य

(घ) गण्डकी विश्वविद्यालयका खेल सम्बन्धि शिक्षक तथा प्रशिक्षक मध्येबाट १ जना -सदस्य

(ङ) खेल प्राविधिक वा विज्ञ मध्येबाट संयोजकले मनोनित गरेका १ जना -सदस्य

(च) संयोजकले तोकेको प्रदेश खेलकुद परिषद्, गण्डकी प्रदेशका अधिकृतस्तरका कर्मचारी -सदस्य सचिव

९. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** (१) कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि स्वीकृत बजेटको परिधिभित्र रही आवश्यक कार्य गर्ने, गराउने ।

(ख) निजी, सरकारी तथा गैरसरकारी निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी जिल्ला, प्रदेश तथा राष्ट्रिय प्रतियोगिता संचालन तथा व्यवस्थापन गर्ने ।

(ग) जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएको बढिमा एक महिनाभित्र प्रतियोगितामा भएको खर्च सहितको प्रगति विवरण प्रदेश खेलकुद परिषद् गण्डकी मार्फत युवा तथा खेलकुद मन्त्रालय समक्ष पेश गर्ने ।

(घ) खेलकुद प्रतियोगितामा आउने अतिथिको स्वागत सत्कारको आवश्यक व्यवस्थापन गर्ने।

(ङ) प्रतियोगितामा समावेश गरिने खेल संख्या, खेलाडी कोटा, प्राविधिक जनशक्ति (रेफ्री, निर्णायक लगायत अन्य), खेल स्थल निर्धारण गर्ने ।

(च) प्रतियोगितामा सहाभागी हुने खेलाडी, प्रशिक्षक, टिम व्यवस्थापक, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारीको बीमाको व्यवस्था गर्ने

(छ) जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश खेलहरुको अनुगमन गरी आवश्यक निर्देशन दिने।

(२) कार्यकारी समितिले जिल्ला, प्रदेश तथा राष्ट्रिय प्रतियोगिता सञ्चालनको क्रममा आवश्यकता अनुसार निश्चित प्रतियोगिता सञ्चालन अवधिभर विभिन्न उपसमिति गठन गरी काममा लगाउन सक्नेछ।

१०. **उपसमिति सम्बन्धी व्यवस्थाः** (१) जिल्ला, प्रदेश तथा राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न कार्यकारी समितिले आवश्यकता अनुसार निश्चित प्रतियोगिता संचालन अवधिभर विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) खेलकुद प्रतियोगिता तयारीका लागि कार्यकारी समितिले देहाय बमोजिमको उपसमिति गठन गर्न सक्नेछ।

(क) समारोह उपसमिति

(ख) प्राविधिक तथा अनुशासन उपसमिति

(ग) खेलस्थल व्यवस्थापन उपसमिति

(घ) बसोबास व्यवस्थापन उपसमिति

(ङ) स्वास्थ्य उपसमिति

(च) यातायात व्यवस्थापन उपसमिति

(छ) सुरक्षा प्रबन्ध उपसमिति

(ज) प्रचार प्रसार उपसमिति

(झ) खेल सामाग्री तथा पोशाक व्यवस्थापन उपसमिति

(ञ) स्रोत व्यवस्थापन तथा परिचालन उपसमिति

(ट) अनुसन्धान उपसमिति

(ठ) स्वयंसेवक परिचालन उपसमिति

(ड) एन्टि ड्रोपिङ उपसमिति

(ढ) अतिथी सत्कार उपसमिति ।

प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, नेपाल

११. **बैठक सम्बन्धी व्यवस्थाः** (१) निर्देशक समिति, कार्यकारी समिति, अनुगमन समिति र उपसमितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(२) निर्देशक समिति, कार्यकारी समिति, अनुगमन समिति र उपसमितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

१२. **प्रतियोगितामा समावेश हुने खेलको छनौटः** जिल्ला, प्रदेश र राष्ट्रिय प्रतियोगितामा विगतमा समावेश भएका खेल मध्ये राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश खेलको उपलब्धिको आधारमा र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सक्ने सम्भावना भएका महत्वपूर्ण खेलहरुको छनौट परिषद्ले गर्नेछ । यस प्रदेश भित्र परम्परागत रुपमा खेलिने खेलहरु साथै साहासिक खेलहरुको संरक्षण, प्रवर्द्धन र विकासका लागि स्थान विशेषलाई ध्यान दिई खेल छनौट गरिनेछ।

## परिच्छेद–३

## खेलाडी दर्ता सम्बन्धी व्यवस्था

१३. **खेलाडी दर्ता सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक खेलाडीले आफुले प्रतिनिधित्व गर्ने जिल्लाको जिल्ला खेलकुद विकास समिति र प्रदेश खेलकुद परिषदमा अनिवार्य दर्ता गर्नुपर्नेछ।

(२) खेलाडी दर्ता सम्बन्धी फाराम अनुसूची–१ बमोजिम हुनेछ ।

(३) जिल्ला, प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडी र पदाधिकारीको हकमा सम्बन्धित स्थानीय तह, जिल्ला खेलकुद विकास समिति, प्रदेश खेलकुद परिषद् गण्डकी, सम्बन्धित विभाग र एन.आर.एन.ए.को सिफारिस पत्र अनिवार्य रुपमा फोटो सहित पेश गर्नुपर्नेछ ।

(४) फोटो सहितको नामावली समावेश नभएमा निजलाई प्रतियोगितामा समावेश गर्न बाध्य हुने छैन ।

(५) प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा जिल्लास्तरीय टिम, प्रदेशको टिम, विभागीय टिम, एन.आर.एन. टिम र कार्यकारी समितिले तोकेका अन्य टिम समेतको सहभागिता गराई खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

सचिव

## परिच्छेद–४

## प्रतियोगितामा पालना गर्नुपर्ने नियम

१४. **प्रतियोगितामा पालना गर्नुपर्ने सामान्य नियमः** प्रतियोगितामा पालना गर्नुपर्ने सामान्य नियमहरु देहाय बमोजिम हुनेछ ।

(क) नियमानुसार खेलाडी दर्ता फाराम भरेका कुनै पनि खेलाडीहरुले जिल्ला, प्रदेश तथा विभागबाट आफूले दर्ता गरेको खेलमा मात्र भाग लिन पाउनेछन् ।

(ख) कुनै पनि खेलाडीले एकभन्दा बढी खेल तथा एकभन्दा बढी जिल्ला, प्रदेश वा विभागमा आफ्नो नाम दर्ता गराएमा सो खेलाडीलाई प्रतियोगितामा भाग लिन दिइने छैन ।

(ग) कुनै जिल्लाको कुनै खेलाडीको झुठ्ठा विवरण पेश गरिएको प्रमाणित भएको खण्डमा सम्बन्धित खेलाडी तथा सिफारिसकर्तालाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

(घ) खेलकुद तथा खेलाडी सम्बन्धमा हुने कुनै पनि विवादको समाधान प्राविधिक तथा अनुशासन उपसमितिले गर्नुपर्नेछ। प्राविधिक तथा अनुशासन उपसमितिबाट समाधान हुन नसकेमा कार्यकारी समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(ङ) कुनै पनि प्रतियोगितामा सम्वन्धित खेल संघका पदाधिकारी आयोजना स्थलमा एक दिन अगावै पुग्नुपर्नेछ। प्रतियोगिता स्थलमा पुग्नासाथ सम्बन्धित पदाधिकारीले आधिकारिक पत्रका साथ आयोजक समितिसँग सम्पर्क गरी एक्रिडियसन कार्ड लिनु पर्नेछ।

(च) राष्ट्रिय प्रतियोगिता वा अन्य प्रदेश, संघ संस्थाले आयोजना गर्ने प्रतियोगितामा सहभागी हुने टिम प्रतियोगिता शुरु हुने मितिभन्दा एक दिन अगावै अनिवार्य रुपमा प्रतियोगिता हुने स्थलमा पुगिसक्नु पर्नेछ। प्रदेशले आयोजना गर्ने प्रतियोगितामा तोकिएको समय भित्र नआउने टिमलाई समावेश गराइने छैन।

(छ) यदि कुनै सहभागी खेलाडीले अनुशासनहिन कार्य गरेमा निज खेलाडीलाई प्राविधिक तथा अनुशासन उपसमितिले प्रतियोगिताबाट हटाउनेछ र सो को जानकारी सम्बन्धित संघ र प्रदेश खेलकुद परिषदमा दिनु पर्नेछ ।

(ज) प्रतियोगितामा सहभागी हुन जाने प्रत्येक खेलका टोलीमा एकजना प्रशिक्षक (महिला खेलाडी हुने खेलमा सकेसम्म महिला रहने गरी), एक जना सहायक प्रशिक्षक र एकजना व्यवस्थापकको व्यवस्था गरिनेछ र सोही अनुसार सुविधा उपलब्ध गराइनेछ ।

(झ) प्रतियोगितामा सहभागी हुने खेलका स्थायी एवं करार प्रशिक्षक नभएको खण्डमा स्वयंसेवक प्रशिक्षकले टिमको नेतृत्व गर्न पाउनेछ ।

१५. **प्रतियोगिता आयोजना एवं सञ्चालनः** (१) कुनै निश्चित प्रतियोगिता संचालन गर्नका लागि कार्यकारी समितिले सम्बन्धित खेलको अन्तर्राष्ट्रिय महासंघ, राष्ट्रिय संघ र प्रदेश संघको निर्णय अन्तर्गत रही प्रतियोगिता सम्बन्धी कार्यविधि बनाई खेल खेलाउन सक्नेछ।

(२) प्रदेश स्तरीय खेलकुद प्रतियोगिता जिल्ला खेलकुद विकास समितिहरुसंग समन्वय गरी प्रदेश खेलकुद परिषद् गण्डकीले आयोजना र सञ्चालन गर्नेछ ।

१६. **खेलाडी छनौट समितिः** (१) जिल्लास्तरका प्रतियोगिताबाट प्रदेश प्रतियोगितामा सहभागी हुने खेलाडीको छनौट गर्न प्रत्येक खेलको लागि देहाय बमोजिम जिल्लास्तरमा खेलाडी छनौट समिति गठन गरिनेछ।

(क) जिल्ला खेलकुद विकास समितिको अध्यक्ष वा अध्यक्ष नभएको अवस्थामा परिषदको कार्यकारी समितिले तोकेको व्यक्ति - संयोजक

(ख) जिल्ला खेलकुद विकास समितिको सदस्य मध्येबाट समितिले तोकेको १ जना -सदस्य

(ग) सम्बन्धित खेलको खेल प्रशिक्षक (खेल प्रशिक्षक नभएमा सम्बन्धित खेलको पूर्व खेलाडी) मध्येवाट समितिले तोकेको १ जना - सदस्य

(घ) सम्बन्धित खेलको जिल्ला खेल संघको अध्यक्ष वा प्रतिनिधि मध्ये समितिले तोकेको १ जना - सदस्य

(ङ) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख - सदस्य सचिव

(२) प्रदेश प्रतियोगिताबाट राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीको छनौट गर्न प्रत्येक खेलको लागि देहाय बमोजिम प्रदेश छनौट समिति गठन गरिनेछ।

(क) सदस्य सचिव, परिषद् - संयोजक

(ख) परिषदको कार्यकारी समितिले तोकेको परिषदको सदस्य १ जना - सदस्य

(ग) सम्बन्धित खेलको प्रदेश संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य (सम्बन्धित खेलको प्रदेश संघ नभएमा परिषद्को कार्यकारी समितिले तोकेको प्रतिनिधि- सदस्य)

(घ) सम्बन्धित खेलका वरिष्ठ प्रशिक्षक वा प्रशिक्षक मध्येवाट समितिले तोकेको १ जना(प्रशिक्षक नभएमा सम्बन्धित खेलको खेल विज्ञमध्येबाट) - सदस्य

(ङ) संयोजकले तोकेको अधिकृत कर्मचारी - सदस्य सचिव

(३) खेल छनौट समितिले तोकिएका तथा निश्चित आधार तयार गरी सोही अनुसार खेलाडी छनौट गर्नुपर्नेछ ।

(४) राष्ट्रिय प्रतियोगिताको लागि सम्बन्धित छनौट समितिको सिफारिस अनुसार प्रदेश खेलकुद परिषद्ले राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीको नामावली सहितको पत्र तोकिएको समयभित्र आयोजकलाई पटाउनु पर्नेछ ।

(५) प्रदेशस्तरीय प्रतियोगिताको लागि जिल्ला छनौट समितिको सिफारिस अनुसार जिल्ला खेलकुद विकास समितिले प्रदेश खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको नामावली सहितको पत्र तोकिएको समयभित्र प्रदेश खेलकुद परिषद, गण्डकीलाई पठाउनु पर्नेछ।

१७. <u>बन्द प्रशिक्षणको व्यवस्थाः</u> (१) जिल्लाले प्रदेशस्तरीय खेलकुद प्रतियोगितामा खेलाडी सहभागी गराउनु पूर्व जिल्ला स्तरमा बन्द प्रशिक्षणको व्यवस्था गर्नुपर्ने छ ।

(२) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा प्रदेशको टीम सहभागी गराउनु पूर्व प्रदेश स्तरमा बन्द प्रशिक्षणको व्यवस्था गर्नुपर्ने छ ।

(३) बन्द प्रशिक्षण संचालन गर्दा उत्कृष्ट प्रशिक्षकलाई प्राथमिकता दिनुपर्नेछ ।

१८. <u>खेल सामाग्रीको व्यवस्थाः</u> (१) कार्यकारी समितिले प्रदेश संघ र सम्बन्धित खेलका प्रशिक्षकसँग समन्वय गरी खेलकुद प्रतियोगिताको तयारीको लागि आवश्यक खेल सामाग्रीको व्यवस्थाका लागि परिषदमा पेश गर्नुपर्नेछ।

(२) आवश्यकताको आधारमा खेल सामाग्रीहरुको व्यवस्था परिषदको निर्णयानुसार हुनेछ ।

१९. <u>खेल पोशाक सम्बन्धी व्यवस्थाः</u> (१) खेलकुद प्रतियोगिताका लागि (झोला, ट्रयाकसुट, जुत्ता, मोजा, टावेल आदि) परिषद्को कार्यकारी समितिको निर्णयानुसार खेल पोशाकको व्यवस्था गरिनेछ।

(२) सम्बन्धित जिल्लाको खेल पोशाक छुट्टाछुट्टै र गण्डकी प्रदेशको खेल पोशाक सबै खेलाडिको एकै प्रकारको हुनेछ ।

तर, खेल अनुसारको पोसाक बनाउनु परेमा सोही खेल अनुसारको पोशाक बनाउन सकिनेछ ।

२०. <u>खेल स्थल निर्धारणः</u> परिषद्ले जिल्ला खेलकुद विकास समिति र सम्बन्धित खेल संघको समन्वयमा प्राविधिकहरुको राय बमोजिम खेल स्थल निर्धारण गर्नेछ ।

२१. <u>स्वयंसेवक परिचालनः</u> (१) खेलकुद प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्नका लागि आवश्यकता अनुसार निश्चित समयावधिका लागि स्वयंसेवक परिचालन गर्न सकिनेछ।

(२) स्वयंसेवकको संख्या कार्यकारी समितिले तोकेबमोजिम हुनेछ। यसरी परिचालन हुने स्वयंसेवकहरुको पारिश्रमिक लगायतको सुविधा कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. **निर्णायक (रेफ्री, जज र जुरी) व्यवस्थापनः** (१) सम्बन्धित खेल संघले खेलको प्रकृति अनुसार निर्णायक (रेफ्री, जज र जुरी) को संख्या निर्धारण गरी कार्यकारी समिति समक्ष पेश गर्नुपर्नेछ।

(२) खेल संघले पेश गरेको निर्णायक (रेफ्री, जज र जुरी) को संख्यालाई आवश्यकता अनुसार कार्यकारी समितिले स्वीकृत गर्नेछ ।

२३. **खेलाडी कोटा निर्धारणः** जिल्ला स्तरीय तथा प्रदेशस्तरीय खेलकुद प्रतियोगितामा समावेश हुने खेल, खेल इभेन्ट्स र खेलाडीको कोटा परिषदको कार्यकारी समितिले निर्धारण गर्नेछ ।

## परिच्छेद–५

## आर्थिक सम्बन्धी व्यवस्था

२४. **पारिश्रमिक, भत्ता एवं अन्य सुविधाः** खेलकुद प्रतियोगितामा सहभागी हुने अफिसियल तथा खेलाडी, कर्मचारी, विज्ञ, प्राविधिक, निर्णायकहरु र स्वयंसेवकलाई अनुसुची-२ मा तोकिए बमोजिमको सुविधा उपलब्ध गराइनेछ ।

२५. **प्रतियोगिताका लागि बजेट रकम खर्च गर्ने विधिः** (१) जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खरिद गर्नुपर्ने खेल सामाग्री लगायतका खेल सम्पन्न गर्न आवश्यक पर्ने सम्पूर्ण सामाग्री, परामर्श सेवा तथा अन्य आवश्यक सेवाको खरिद प्रचलित नियम कानुनअनुसार गरिनेछ ।

(२) खेलकुद प्रतियोगिता संचालनको लागि प्रदेश सरकारबाट विनियोजित बजेटको परिधिभित्र रही खर्च गर्ने गराउने कार्य परिषद्को कार्यकारी समितिको निर्णयानुसार सदस्य सचिवबाट हुनेछ ।

## परिच्छेद – ६

## विविध

२६. **सपथ ग्रहणः** जिल्ला, प्रदेश र राष्ट्रिय प्रतियोगितामा सहभागी हुने रेफ्री, जज, जुरी र खेलाडीले अनुसूची-३ बमोजिम सपथ ग्रहण लिनुपर्नेछ ।

**२७. आचारसंहिताः** (१) जिल्ला, प्रदेश तथा राष्ट्रिय प्रतियोगिता मर्यादित रुपमा संचालन गर्नको लागि परिषद्वाट आचार संहिता बनाई लागु गरिनेछ ।

(२) प्रतियोगिता संचालनमा आघात पुग्ने गरी अवाञ्छनीय क्रियाकलापमा संलग्न हुने सहभागी खेलाडी, प्रशिक्षक, निर्णायक, स्वयंसेवक, टिम व्यवस्थापक लगायत प्रतियोगितामा संलग्न सरोकारवाला माथि अनुशासन तथा प्राविधिक उप-समितिले कसुर अनुसारको कारवाही गरी कार्यकारी समितिलाई जानकारी गराउनु पर्नेछ र तत्सम्बन्धमा कार्यकारी समितिको निर्णय अन्तिम हुनेछ ।

(३) आयोजक सदस्यबाट आचारसंहिता उल्लंघन भएमा परिषद्ले कसुर अनुसारको कारवाही गर्नेछ ।

**२८. प्रतियोगिताबाट अलग हुन नपाउनेः** प्रतियोगितामा सहभागी टिम एवं खेलाडीहरु प्रतियोगिता अवधिभर प्रतियोगिताबाट अलग हुन पाउने छैनन् ।

तर, विशेष कारणवश प्रतियोगिताबाट अलग हुनुपर्ने बाध्यात्मक स्थिति भएमा कार्यकारी समितिको पूर्व स्वीकृति लिई प्रतियोगिताबाट बाहिरिन सक्नेछन् ।

**२९. प्रतियोगिता स्थगितको अवस्थाः** (१) कुनै प्रतियोगिता मौसमको गडबडी एवं प्राकृतिक प्रकोप वा कुनै आकस्मिक घटनाका कारणबाट स्थगित गर्नु पर्ने भएमा सो प्रतियोगिता सम्बन्धित खेल संघ र खेलसंग सम्बन्धित प्राविधिकको परामर्शमा कार्यकारी समितिले स्थगित गर्नेछ।

(२) स्थगित प्रतियोगिताको पून: संचालन कार्यकारी समितिले निर्धारण गरेको स्थान, समय र मितिमा गरिनेछ ।

**३०. झण्डाको व्यवस्थाः** (१) परिषद्ले प्रदेशको झण्डा र जिल्ला खेलकुद विकास समितिले आफ्नो जिल्लाको झण्डा तयार गर्नुपर्नेछ ।

(२) राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीले प्रदेशको झण्डा र प्रदेशस्तरीय प्रतियोगितामा सहभागि हुने खेलाडी सहितको टिमले आफ्नो जिल्लाको झण्डा सहित सहभागी गराउनु पर्नेछ ।

**३१. पुरस्कार सम्बन्धी व्यवस्थाः** प्रतियोगितामा विजयी खेलाडीको लागि परिषद्ले नगद पुरस्कार, पदक र प्रमाणपत्रको व्यवस्था गर्नेछ ।

**३२. प्रतीक चिन्ह (लोगो)** (१) प्रदेश खेलकुद परिषद् गण्डकीले खेलकुद प्रतियोगिताका लागि प्रतीक चिन्ह (लोगो) तयार गरी प्रयोगमा ल्याउन सक्नेछ।



सचिव

(२) प्रतीक चिन्हमा सकभर सम्वन्धित स्थान वा जिल्लाको पहिचान समेत झल्कने स्पष्ट संकेत भएको हुनुपर्नेछ ।

३३. **मस्कटः** परिषद्ले खेलकुद प्रतियोगिताका लागि गण्डकी प्रदेशमा पाइने जनावरलाई मस्कटको रुपमा प्रयोगमा ल्याउन सक्नेछ ।

३४. **खेलकुद प्रतियोगिता गीतः** प्रदेश खेलकुद प्रतियोगिताका लागि खेलकुद गीत तयार गरी परिषदको स्वीकृत पश्चात प्रयोगमा ल्याउन सकिनेछ ।

३५. **सुझाव सहितको प्रतिवेदन पेश गर्नेः** कार्यकारी समितिले प्रतियोगिता सकिएको १(एक) महिनाभित्र सुझाव सहितको आर्थिक तथा प्रगति प्रतिवेदन प्रदेश खेलकुद परिषद् गण्डकी र युवा तथा खेलकुद मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

३६. **जनशक्ति व्यवस्थापनः** (१) प्रतियोगिता संचालनको लागि आवश्यक जनशक्तिको व्यवस्था प्रदेश खेलकुद परिषद, गण्डकीले गर्नेछ।

(२) परिषदमा जनशक्ति अपुग भई प्रतियोगिता संचालन तथा व्यवस्थापन सम्वन्धी आवश्यक स्वदेशी एंव विदेशी प्राविधिक जनशक्ति व्यवस्थापन गरी प्रतियोगितालाई प्रभावकारी रुपमा सम्पन्न गर्न कार्यविधि र स्विकृत बजेटको परिधिभित्र रही मन्त्रालयको स्वीकृति लिई करार सेवामा नियुक्त गरी कार्य सम्पादन गरिनेछ ।

३७. **विमा सम्बन्धी व्यवस्थाः** खेलकुद प्रतियोगितामा सहभागी हुने सम्पूर्ण खेलाडी तथा अफिसियलको प्रतियोगिता अवधिभरका लागि विमा गरिनेछ ।

३८. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

तर, प्रचलित कानुनसँग यो कार्यविधि बाझिएमा बाझिएको हदसम्म यो कार्यविधि लागू हुनेछैन।

३९. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# अनुसूची-१

(दफा १३ (२) सँग सम्बन्धित)

## खेलाडी दर्ता फाराम

जिल्ला/प्रदेश/विभागिय/राष्ट्रिय

खेलाडी दर्ता नः ............दर्ता मितिः ..........................

प्रदेशः ...................जिल्ला/विभागिय/प्रादेशिकः ...............

खेलाडीको नामः ..............................................

लिङ्गः ...... उचाइः ............तौलः ....................

जन्म मितिः ..............नागरिकताः ...........पेशाः ...........

शैक्षिक योग्यताः ............................

अध्ययन गरेको विद्यालय/विश्वविद्यालयको नामः ...........

खेलको नामः ..............इभेन्टः ........................

खेल शुरु गरेको मितिः ......................

प्रशिक्षकको नामः ...........................

हालसम्म सहभागी प्रतियोगिताको नामः १.....................................

२.....................................

हालसम्मको उच्चतम उपलब्धीः १...........................२...........................

स्थायी ठेगानाः प्रदेश ........ जिल्ला........... न.पा./गा.पा..............वडा नं......

सम्पर्क नं................ मोबाइल नं...............

बाबु वा आमाको नामः............................ पेशाः .........................

प्रमाणित गर्नेः

| (क) जिल्ला | (ख) प्रदेश | (ग) राष्ट्रिय |
|---|---|---|
| नाम............. | नाम............. | नाम .............. |
| पदः | पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः |
| कार्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः |



सचिव

(जिल्ला स्तरमा हुने खेलका लागि सम्बन्धित स्थानीय तहले, जिल्लाको हकमा कार्यालय प्रमुख/अध्यक्ष, प्रदेशको हकमा कार्यालय प्रमुख/सदस्य सचिव र विभागिय टिमको हकमा विभागिय प्रमुखले प्रमाणित गर्नुपर्नेछ)

**नियमहरुः**

१. विभागिय टिमहरुको सम्बन्धमा विभागको सिफारिसको आधारमा खेलाडीहरुलाई सहभागी गराइनेछ ।

२. प्रदेश तथा राष्ट्रिय खेलकुद नीति, नियम र निर्देशनलाई पूर्ण पालना गर्दै खेलाडीहरुले सहभागी हुने जुनसुकै प्रशिक्षण तथा प्रतियोगितामा खेलकुदको उच्च आर्दश अनुरुप अनुशासित भई खेल खेल्ने प्रतिज्ञा गर्नुपर्नेछ ।

३. प्रतियोगिताको समयमा कुनै खेलाडी गम्भीर रुपले घाइते भएमा त्यसका लागि लाग्ने उपचार खर्च बिमामा भएको शर्तअनुसार परिषद्ले व्यहोर्ने छ ।

४. खेलकुदको मर्म र आदर्श प्रतिकुल हुने गरी खेलाडीहरुले कुनै पनि क्रियाकलाप गरेमा प्रदेश खेलकुद परिषद्ले नियमानुसार दण्ड सजाय एवं कारवाही गर्नेछ ।

५. प्रतियोगिता राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा खेल संघको नियमानुसार खेलाईनेछ ।

माथि लेखिएका सम्पूर्ण व्यहोरा ठिक साँचो हो; झुठा ठहरेमा नियम कानुन अनुसार सहुँला बुझाउँला ।

खेलाडीको नामः

ठेगानाः

खेलाडीको हस्ताक्षरः

मितिः

## अनुसूची-२
(दफा २४ र २५ सँग सम्बन्धित)

### बजेट, पारिश्रमिक, भत्ता तथा अन्य सुबिधा सम्बन्धी व्यवस्था

(क) प्रदेश वा राष्ट्रिय खेलकुद प्रतियोगिता संचालन तथा प्रशिक्षण कार्यमा खटिने खेलाडी/प्रशिक्षक/खेल पदाधिकारीहरूलाई प्रतिदिन प्रदेश खेलकुद नियमावली, २०७७ ले तोकिए बमोजिमको सुबिधा उपलब्ध गराईनेछ । उक्त कार्यमा एक जिल्लाबाट अर्को जिल्लामा जाँदा नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ। प्रतियोगिता संचालन तथा प्रशिक्षणमा खटिने खेलाडी/प्रशिक्षक/खेल पदाधिकारीको नाम, संख्या र अवधि प्रदेश खेलकुद परिषदको कार्यकारी समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) प्रदेश वा राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि गठित कार्यकारी समितिका पदाधिकारी, सदस्यहरू र उपसमितिको पदाधिकारीले बैठकमा सहभागी भए बापत प्रदेश सरकारको मापदण्ड अनुसारको बैठक भत्ता पाउनेछन् ।

(ग) प्रदेश वा राष्ट्रिय प्रतियोगिताको अवधिमा कार्यालय समय बाहेकको समयमा हुने कार्यको कार्य घण्टाका आधारमा प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि अनुसार प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यमा खटिने कर्मचारीहरुलाई अतिरिक्त समय भत्ता उपलब्ध गराइनेछ ।

(घ) प्रदेश वा राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई ट्र्याकसुट, जुत्ता, मोजा, टावेल सहितको झोला (किट्स ब्याग प्रतिव्यक्ति ८,०००।—(आठ हजार रुपैयाका दरले नबढ्ने गरी) नियमानुसार खरिद गरी उपलब्ध गराईनेछ । प्रदेश तथा राष्ट्रियस्तरीय प्रतियोगितामा सहभागी खेलाडीहरुलाई खेल खेल्दा लगाउनु पर्ने खेल पोशाक वापत प्रतिव्यक्ति बढिमा रु. ५,०००।- (पाँच हजार)मा नबढ्ने गरी खेल पोशाक उपलब्ध गराईनेछ ।

(ङ) प्रदेशस्तरीय प्रतियोगितामा सबै खेलको आधारमा प्रथम हुने टिमलाई बढिमा रु. १,००,०००।- (एक लाख) बराबरको रनिङ्ग ट्रफी प्रदान गरिने छ । रनिङ्ग ट्रफी प्राप्त गर्ने टिमले दोश्रो पटक हुने प्रदेशस्तरीय प्रतियोगितामा उक्त ट्रफी फिर्ता गर्नुपर्नेछ र सोको सोधभर्ना

वापत उक्त टिमलाई नमुना ट्रफी उपलब्ध गराईनेछ। तीन पटकसम्म एउटै टिम प्रथम भएमा उक्त रनिङ्ग ट्रफीको रकम सोधभर्ना गरी उपलब्ध गराईनेछ ।

(च) प्रदेश स्तरीय प्रतियोगितामा सहभागी हुने खेल पदाधिकारीहरुलाई प्रतिव्यक्ति रु १०,०००।— (दश हजार) मा नबढ्ने गरी राष्ट्रिय पोषाक उपलब्ध गराइनेछ ।

(छ) प्रतियोगिताका निर्णायकहरूलाई प्रतिव्यक्ति रु.१,५००।—(एक हजार पाच सय) मा नबढ्ने गरी निर्णायक जर्सी उपलब्ध गराइनेछ ।

(ज) राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्ने व्यक्तिगत इभेन्टका खेलाडीलाई जनही बढिमा रु.१,००,०००।—(एक लाख) र टिम गेम्सका खेलाडीहरूलाई बढिमा जनही रू.५०,०००।—(पचास हजार), रजत पदक प्राप्त गर्ने व्यक्तिगत इभेन्टका खेलाडीलाई बढिमा जनही रु.५०,०००—(पचास हजार) र टिम गेम्सका खेलाडीहरूलाई बढिमा जनही रू.२५,०००।—(पच्चिस हजार) र कास्य पदक प्राप्त गर्ने व्यक्तिगत इभेन्टका खेलाडीलाई बढिमा जनही रु. २५,०००।—(पच्चिस हजार) र टिम गेम्सका खेलाडीहरूलाई बढिमा जनही रू.१५,०००।—(पन्ध्र हजार) का दरले पुरस्कार उपलब्ध गराइनेछ । यदी कुनै व्यक्तिगत इभेन्टका खेलाडीले एक भन्दा बढी पदक प्राप्त गरेमा प्रत्येक थपिएका पदकका लागि टिम ईभेन्टमा तोकिएको पुरस्कार रकम थप प्राप्त गर्नेछ ।

(झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा रेकर्ड ब्रेक गर्ने यस प्रदेशका खेलाडीलाई प्रति रेकर्ड बढिमा रू. ५०,०००।— (पचास हजार) पुरस्कार दिइनेछ ।

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा स्वर्ण पदक प्राप्त टीमको मुख्य प्रशिक्षकलाई बढिमा रु. ४०,०००।—(चालिस हजार) र सहायक प्रशिक्षक तथा टीम व्यवस्थापकलाई बढिमा जनही रु. २०,०००।—(बीस हजार, रजत पदक प्राप्त टीमको मुख्य प्रशिक्षकलाई बढिमा रु. २०,०००।—(बिस हजार) र सहायक प्रशिक्षक तथा टीम व्यवस्थापकलाई बढिमा जनही रु.१०,०००।— (दश हजार) र कास्य पदक प्राप्त टीमको मुख्य प्रशिक्षकलाई बढिमा रु. १०,०००।— (दश हजार) र सहायक प्रशिक्षक तथा टीम व्यवस्थापकलाई बढिमा जनही रु.५,०००।— (पाँच हजार) का दरले पुरस्कार रकम तथा सम्मानपत्र उपलब्ध गराईने छ ।

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक विजेता प्रदेश खेलकुद संघलाई क्रमश बढिमा रु. १,००,०००।— (एक लाख), रु ७५,०००।-(पचहत्तर हजार) र रु ५०,०००।—(पचास हजार) का दरले पुरस्कार रकम तथा सम्मानपत्र उपलब्ध गराईनेछ ।

(ठ) प्रत्येक खेलमा प्रथम, द्धितिय र तृतिय हुने टिमलाई क्रमश बढिमा रु. ८,०००।-(आठ हजार), ६०००।—(छ हजार) र ४०००।—(चार हजार) बराबरको ट्रफि प्रदान गरिनेछ ।

(ड) खेलको प्रकृतिको आधारमा प्रत्येक खेलका प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई कार्यकारी समितिको निर्णय अनुसार पुरस्कृत गरिनेछ ।

(ढ) प्रदेश खेलकुद प्रतियोगितामा सबै खेलको आधारमा बार्षिक रुपमा प्रथम हुने टिमलाई बढिमा रु. २,००,०००।- (दुई लाख) बराबरको नगद पुरस्कार रकम प्रदान गरिनेछ ।

(ण) जिल्ला, प्रदेश र राष्ट्रिय प्रतियोगितामा सहभागी हुने सबै सहभागीहरुको प्रतियोगिता अवधिभरका लागि नियमानुसार दुर्घटना बीमा गरिनेछ ।

(त) जिल्ला, प्रदेश र राष्ट्रिय प्रतियोगिताको अवधिमा कुनै कारणले घाईते भई चोटपटक लागेमा विमा रकमले नपुगेमा विनियोजित बजेटको सम्बन्धित शिर्षकको अधिनमा रही कार्यकारी समितिको निर्णय बमोजिम स्वास्थ्य उपचारका लागि रकम खर्च गरिनेछ ।

(थ) प्रतियोगितामा सहभागी खेलाडीहरुको डोपिङ टेष्टका लागि विनियोजित बजेट बमोजिमको रकम खर्च गरिनेछ ।

(द) खेल संचालनका लागि प्रत्येक खेलको खेलस्थलमा मञ्च, माईक, स्कोर कार्ड, चियापान तथा अन्य प्राविधिक कार्यमा खेलको प्रकृति हेरी सम्बन्धित प्रदेश/जिल्ला खेल संघलाई रकम उपलब्ध गराउन विनियोजित बजेट बमोजिमको रकम खर्च गरिनेछ ।

(ध) प्रतियोगितालाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्वयंसेवक (प्रशिक्षक तथा प्राविधिक जनशक्ति एवं परामर्श सेवा) का लागि प्रति व्यक्ति प्रति दिन बढिमा रु.१,०००।- (एक हजार) का दरले पारिश्रमिक र बढिमा रु. १,५००।—(एक हजार पाच सय) बराबरको भेष्ट र क्याप उपलब्ध गराईनेछ । स्वयमसेवकको संख्या र अवधि प्रदेश खेलकुद परिषद, गण्डकीको कार्यकारी समितिले तोके अनुसार हुनेछ ।

(न) प्रतियोगिताका लागि आवश्यक संख्याका स्वयंसेवकहरुलाई बढीमा १० दिनका लागि प्रति व्यक्ति प्रतिदिन बढिमा रु. १,०००।—(एक हजार) का दरले उपलब्ध गराईनेछ ।

(न्न) प्रतियोगिताका लागि गीत, नारा, लोगो, मस्कट प्रतिस्पर्धाबाट छनौट गरि प्रयोगमा ल्याउन विनियोजित बजेट बमोजिमको रकम खर्च गरिनेछ ।

(प) खेल पूर्वाधारहरुमा स्तरोन्नति, रंगरोगन, चुना, डोरी, बाँस, टेप, रिंग, फिट, म्याट विछ्याउने र आई.टि.सिष्टम चाहिने खेलहरुमा सो सिष्टम व्यवस्थापन समेतका लागि खेलको प्रकृति हेरी बजेट उपलब्ध गराउन विनियोजित बजेट बमोजिमको रकम खर्च गरिनेछ ।

(फ) प्रतियोगिताको प्रचार प्रसारका लागि जिंगल तयार रेडियो, टि.भी.हरुमा काउन्टडाउन, पत्रकार सम्मेलन, लोगो, मस्कटको पोष्टर, प्रेस सेन्टरको स्थापना, स्मारिका प्रकाशन, भिडियो डकुमेन्ट्री निर्माण र अन्य आवश्यक सामाग्रीको व्यवस्थाका लागि विनियोजित बजेट बमोजिमको रकम खर्च गरिनेछ ।

(ब) बसोवास स्थलबाट खेलस्थलसम्म आउन जानका लागि सटल बस, अतिथिहरुका लागि गाडीको व्यवस्थाका लागि विनियोजित बजेट बमोजिमको रकम खर्च गरिनेछ ।

(भ) प्रतियोगिताका लागि आवश्यक खेल सामाग्रीहरु तथा अन्य सामाग्रीहरु परिषदबाट खेल स्थलसम्म ढुवानीका लागि विनियोजित बजेट बमोजिमको रकम खर्च गरिनेछ ।

(म) उदघाटन तथा समापन समारोह भव्यतापूर्वक सम्पन्न गर्नको लागि विनियोजित बजेट बमोजिमको रकम खर्च गरिनेछ ।

(य) प्रतियोगिताको सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाउन सम्बन्धित सुरक्षा निकायहरुसंग समन्वय गरि कार्य गर्न विनियोजित बजेट बमोजिमको रकम खर्च गरिनेछ ।

(र) प्रत्येक वर्ष यस क्षेत्रको लोकप्रिय परम्परागत तथा साहशिक खेलहरुको विकास र प्रवर्द्धन गर्दै लगिनेछ । तोकिएको बजेट भित्र रही विभिन्न तहको प्रतियोगिता संचालन गरिने छ ।

(व) प्रदेश स्तरिय पारा खेलकुद (अपाङ्गता खेलकुद) प्रतियोगिता आवश्यकता अनुसार संचालन गरिने छ ।

प्राविधिक पुस्तिका लगायत अन्य प्राविधिक कार्य गर्न विनियोजित बजेट बमोजिमको रकम खर्च गरिनेछ ।

(श) अन्य कार्यका लागि बजेट व्यवस्थापन गर्न प्रदेश सरकार अर्थ मन्त्रालयबाट सहमति प्राप्त भए बमोजिम हुनेछ ।

(ष) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा व्यवस्थापन कार्य समेत यसै कार्यविधि बमोजिम सञ्चालन गरिनेछ ।

(स) साहसिक खेल तथा पर्यटन प्रवर्द्धन हुने खेलहरु यसै कार्यविधि बमोजिम सञ्चालन गरिनेछ ।

सचिव

अनसुचि -३

दफा २६ सँग सम्बन्धित

सपथ ग्रहणको नमुना

खेलाडी तथा निर्णायक तथा अफिसियलका लागि शपथ ग्रहण

(क) खेलाडीहरुका लागि सपथः

म ................यस ....................... प्रतियोगिताको सम्पूर्ण खेलका नियमहरुको पालना तथा आदर गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा कायम राख्दै अनुशासित भई खेल खेल्ने प्रतिज्ञा गर्दछु ।

(ख) निर्णायक तथा अफिसियलका लागि सपथः

म ................ यस ....................... प्रतियोगिताको सम्पूर्ण खेलका नियमहरुको पालना तथा आदर गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेलाउने प्रतिज्ञा गर्दछु ।

सचिव